# हाम्रो भनाई

नेपालको सुदुरपूर्वमा अवस्थित सुन्दर देशकै र रमणिय पर्यटकीय जिल्ला इलामको सूर्योदय नगरपालिका वडा नं.११, आइतबारेमा रहेको यस जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र (तत्कालिन मेची अञ्चल आयुर्वेद औषधालय) ले आफ्नो स्थापनाकाल (वि.सं.२०२१) देखि सकारी तवरबाट आयुर्वेद चिकित्सा सेवा प्रदान गर्दै आइरहेको छ । सात अ (अलेंची, आलु, अम्लिसो, अदुवा, अकबरे, ओलन र अर्थोडक्स चिया) बाट चर्चित यस इलाम जिल्लामा विभिन्न किसिमका जडीबुटीहरु(चिराइतो, सतुवा, वनलसुन, पाँचऔले, पाखनभेद आदि) को प्रचुर भण्डार पनि रहेको छ । जस कारण प्रदेश सरकारले जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र निर्माणार्थ माईजोगमाई–१ नयाँ बजारमा डि.पि.आर.पनि तयार गरिसकिएको छ । जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले रोगीहरुको उपचारार्थ ओ.पि.डि.तथा आई.पि.डी. सेवा निःशुल्क तथा स–शुल्क फार्मेसी सेवा, इमरेजन्सी सेवा, ल्याव सेवा, पूर्वकर्म–पञ्चकर्म सेवा, स्वस्थ जीवन परामर्श सेवा, चिकित्सकीय योग सेवा, ज्येष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन सेवा, स्तनपायी आमाको निम्ति दुग्धवर्द्धक औषधी वितरण सेवा, लगायत स्वास्थ्य संवर्द्धन हेतु विभिन्न प्रवर्द्धनात्मक तथा प्रचारात्मक सेवाहरु प्रदान गर्दै आइरहेको छ ।

इलाम जिल्लामा १० वटा पालिकाहरु मध्ये ४ वटा (इलाम, देउमाई, सन्दकपुर र फाकफोकथुम) पालिकामा सरकारी औषधालयहरु, २ वटा पालिका(रोङ, र माई)ले आफ्नै पहलमा औषधालयहरु स्थापना गरेका छन् । माङ्सेबुङ, सूर्योदय माईजोगमाइ र चुलाचुली गा.पा.मा नागरिक आरोग्य सेवा केन्द्र स्थापना भए पश्चात सम्पूर्ण पालिकाहरुमा आयुर्वेद संस्थाहरु स्थापना भएको छ । यो उपलब्धि हाँसिल गर्ने इलाम जिल्ला कोशी प्रदेश भरिकै पहिलो जिल्ला पनि भएको छ । आफ्ना सेवाहरुमा गुणस्तरीयता कायम राख्दै जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले आफ्नो ९ रोपनी जग्गामा आगामी आ.व.मा समय सापेक्ष सुविधा सम्पन्न आधुनिक अस्पताल भवन निर्माण गर्ने उद्देश्य राखेको छ जस्को निम्ति आ.ब. ०७९/०८० मा डि.पी.आर. पनि निर्माण सम्पन्न भैसकेको छ ।

यस पुस्तिकामा आ.व.२०८१/०८२ मा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले गरेका कार्यहरुको प्रगति विवरण प्रस्तुत गरिएको छ । यस पुस्तिका लेखन प्रकाशनको क्रममा कहिँकतै त्रुटि भएमा पाठक वर्गबाट सल्लाह, सुझावको अपेक्षा राख्दै यस पुस्तिका प्रकाशनमा सहयोग पुऱ्याउने हुने सबैमा आभार प्रकट गर्दछौं ।

कार्यालय प्रमुख

# विषय सूची


| | विषय | पेज नं. |
|---|---|---|
| १. | परिचय | |
| | १.१. इलाम जिल्लको संक्षिप्त परिचय | ३ |
| | १.२. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको परिचय | ५ |
| २. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्दले प्रदान गरेका चिकित्साजन्य सेवाहरु | ६ |
| | २.१. ओ.पि.डी.सेवा | ६ |
| | २.२. अन्तरङ्ग सेवा | ६ |
| | २.३. आकस्मिक सेवा | ६ |
| ३. | आयुर्वेद सेवा कार्यक्रमहरु | ६ |
| | ३.१ विरामी तथ्याङ्क आ.व.२०८१/०८२ | ७ |
| | ३.२. स्वास्थ्य शिविर | ७ |
| | ३.३. स्वास्थ्य जीवन प्रवर्द्धन तथा नागरिक आरोग्य कार्यक्रममा सम्पादन गरिएका क्रियाकलापहरु | ७ |
| | ३.४. जनप्रतिनिधि समेतको सहभागितामा जिल्ला स्तरीय समिक्षा कार्यक्रम | ८ |
| ४. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तथा पालिकाका आयुर्वेद औषधालयले प्रदान गरेका सेवाहरु | ८ |
| ५. | भौतिक पूर्वाधार व्यवस्थापन | ९ |
| ६. | स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रमहरु | |
| ७. | आपूर्ति व्यवस्थापन | |
| ८. | औषधी खरिद विवरण | |
| ९. | अनुसूचीहरु | |

# जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको वार्षिक प्रतिवेदन

## १. परिचय

### १.१ ईलाम जिल्लाको संक्षिप्त परिचय

श्रीमद्भागवतको नवौं स्कन्धमा वर्णन भए अनुसार ईला भन्ने राजाले यस क्षेत्रमा राज्य गरेका हुनाले यस क्षेत्रको नाम ईलाम रहन गयो । लिम्बु भाषामा “इ” भन्नाले घुमाउरो र “लाम” भन्नाले बाटो हुन्छ । डाँडै डाँडाले भरिएको ईलामका बाटाहरु घुमाउरो भएकाले लिम्बु जातिको बाहुल्य क्षेत्र भएकाले लिम्बु भाषाबाट ईलाम नाम रहन गएको हो । त्यस्तै लेप्चा भाषामा “इ” भन्नाले पुत्का (माहुरी जस्तै किरा) र “लोम” भन्नाले वासस्थान हुन्छ । पुत्काको मह यस क्षेत्रमा धेरै पाईने हुनाले यस क्षेत्रलाई ईलोम भन्दा भन्दै ईलाम रहन गएको हो भन्ने यस्तै यस्तै प्रकारका किंवदन्तिहरु ईलाम नामाकरणका सम्बन्धमा रहेकाछन् ।

नेपालको सुदुर पुर्वमा रहेको सुन्दर र रमणिय पर्यटकिय जिल्ला ईलाम समुद्री सतहबाट १४० मीटर (तराई) देखि उत्तर तिर चुरे पहाड, मध्य पहाड हुँदै उच्च पहाडी क्षेत्र सम्म फैलिएको छ । १७०३ वर्ग किलोमीटर क्षेत्र ओगटेको यस जिल्लाको पुर्वमा भारतको पश्चिम बंगाल अन्तर्गतको दार्जिलिङ्ग जिल्ला, पश्चिममा पाँचथर र मोरङ्ग,उत्तरमा पाँचथर र दक्षिणमा झापा जिल्लासंग सिमाना जोडिएको छ ।

अत्यन्त आकर्षक र मनमोहक प्राकृतिक सुन्दरता र जैविक विविधताले भरिपुर्ण ईलाम कला, साहित्य र साँस्कृतिक रुपमा पनि धनी छ । दैवी शक्तिपीठहरु, प्राचिन मठ मन्दिर, गुम्वा, प्राकृतिक पोखरीहरु आदि ईलामका सास्कृतिक धरोहर हुन् । विविध जातजातीको बसोबास रहेको ईलाम जिल्ला लोपोन्मुख लेप्चा जातीको एक मात्र बसोबास भएको जिल्ला हो । विभिन्न प्रकारका सुनगाभा पाईने तथा धेरै प्रजातिका चरा, विभिन्न प्रकारका पुतली, र रेडपाण्डाको वासस्थान रहेको ईलाम जलस्रोतमा पनि धनी छ । ईलाम कै उत्तरी भेगमा उद्गम स्थल भई दक्षिण तिर बग्ने चार वटा माई(खोला) ले ईलाम जिल्लालाई सिञ्चित गर्दछ भने सोही कारण ईलाम जिल्लालाई चारखोल पनि भनिन्थ्यो । यीनै विविध कारणले गर्दा पनि होला ईलाम जिल्ला नेपाल कै उत्कृष्ट पर्यटकिय गन्तव्यका रुपमा चिनिन्छ ।

पञ्चकन्या, गजुरमुखी, सानी पाथिभरा, माईपोखरी, माङ्सेबुङ आदि यस जिल्लाका मुख्य धार्मिक पर्यटकिय स्थलहरु हुन् भने कन्याम, श्रीअन्तु, करफोक, सन्दकपुर, छिन्तापु, सिद्धिथुम्का आदि मुख्य आकर्षक पर्यटकिय गन्तव्य हुन् । पर्यटकिय गन्तव्य भएकाले गर्दा पनि यस क्षेत्रमा स्तरीय होटलहरु र खानपान को व्यवस्था रहेको छ । ईलामका विभिन्न क्षेत्रमा धार्मिक र साँस्कृतिक मान्यता अनुसार साँस्कृतिक मेला र जात्राहरु लाग्ने गर्दछन् ।

सात वटा “अ” को नामबाट पनि ईलाम जिल्लालाई चिनिन्छ । हरित कृषिको लागि चिनिएको ईलाममा “अलैंची, आलु, अम्लिसो, अदुवा, अकबरे, ओलन(दुध), अर्थोडक्स(चिया)” जस्ता नगदेवाली बाट किसानहरुको आर्थिक जिवनस्तर माथि उठ्न महत्वपुर्ण योगदान रहेकाले सात वटा “अ” चर्चित छ । यसै गरी नेपालमा चियाको लागि ईलाम जिल्ला उद्गम स्थल नै

हो । ईलाम बजारमा रहेको चियाबगान नेपालकै पहिलो संगठित कृषि उद्योग हो भने यहाँ रहेको चिया प्रशोधन केन्द्र मुलुक कै जेठो औद्योगिक कारखाना हो जसले वि.सं. १९३५ मा नै प्रशोधित चिया बजारमा ल्याएको थियो ।

आयुर्वेद चिकित्साको कोणबाट हेर्दा चिराईतो, सतुवा, वन लसुन, पाँच औंले, पाखनभेद लगायत धेरै जडिबुटीको भण्डार रहेको ईलाममा प्रदेश सरकारले पहिलो पटक जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र स्थापना गरेर जडिबुटीको क्षेत्रबाट ईलाम जिल्लाको आर्थिक उन्नयनको बाटो खोलेको छ भने ईलाम जिल्लामा २०२१ साल देखि नै सरकारी तवरबाट आयुर्वेद चिकित्सा सेवा प्रदान गरिदै आएको छ । अझ गौरवको कुरा ईलाम जिल्लाको १० वटै पालिकामा आयुर्वेद चिकित्सा सेवा शुरु भएको छ । यस अर्थमा सबै पालिकामा सरकारी तवरबाट आयुर्वेद सेवा सञ्चालन भएको कोशी प्रदेशको पहिलो जिल्ला बन्ने अवसर ईलाम जिल्लाले प्राप्त गरेको छ । सात वटा “अ” बाट चर्चित ईलाम जिल्ला अब आठ वटा “अ” ( आयुर्वेद) बाट चर्चित बन्नेछ ।

स्थानीय तह पुनःसंरचना अनुसार इलाम जिल्लालाई चार नगरपालिका र छ गाउँपालिकामा विभाजन गरिएको छ । तिनको विवरण निम्नानुसार रहेको छ ।

| स्थानीय तहको नाम | क्षेत्रफल (वर्ग किमी) | वडा संख्या | कूल घरधुरी | जनसंख्या | | | ज.घ. | मुकाम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | कूल | महिला | पुरुष | | |
| इलाम न. पा. | १७३.३२ | १२ | ११४३९ | ४८५३६ | २५०७५ | २३४६१ | २८१ | इलाम बजार |
| सूर्योदय न. पा. | २५२.५२ | १४ | १३२११ | ५६६९१ | २९३३९ | २७३५२ | २२५ | फिक्कल बजार |
| देउमाई न. पा. | १९१.६७ | ०९ | ७१२३ | ३२९२७ | १७०८६ | १५८४१ | १७२ | मंगलबारे बजार |
| माई न. पा. | २४६.११ | १० | ७०७२ | ३२५७६ | १५५५१ | १७०२५ | १३३ | सितली |
| फाकफोकथुम गा. पा. | १०८.७९ | ०७ | ४७३९ | २१६१९ | ११५०७ | १०११२ | २०४ | आमचोक |
| चुलाचुली गा. पा. | १०८.४६ | ०६ | ४६४९ | २०८२० | ९६५२ | १११६८ | १९२ | बाह्रगोठे |
| माईजोगमाई गा. पा. | १७२.४१ | ०६ | ४६७७ | २१०४४ | १०३७७ | १०६६७ | १२२ | नयाँबजार |
| माङसेबुङ गा. पा. | १४२.४१ | ०६ | ३४४० | १८५०३ | ९०४९ | ९४५४ | १३० | इभाङ्ग |
| रोङ गा. पा. | १५५.०६ | ०६ | ४३५१ | १९१३५ | ९३८९ | ९७४६ | १२४ | कोलबुङ |
| सन्दकपुर गा. पा. | १५६.०१ | ०५ | ३६४३ | १६०६५ | ७७९० | ८२७५ | १०३ | देउराली |

## १.२ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको परिचय

वि.सं. २०२१ सालमा तात्कालिन फिक्कल गा.वि.स.को फिक्कल बजारमा भाडाको घरमा शुरु भएको जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र २०२३ साल देखि हाल रहेको सुर्योदय नगरपालिका वार्ड नं. ११, आईतबारेमा रहेको छ । २०२८ सालमा आईतबारेका स्थानीय मोहन कृष्ण श्रेष्ठले ९ रोपनी जग्गा दान दिएपछि सो जग्गामा हाल रहेको भवन बनाएर २०३२ साल देखि आफ्नै भवनबाट सेवा सञ्चालन भईरहेको छ । आफ्नो भवनका अतिरिक्त २ वटा भवन भाडामा लिएर ईमर्जेन्सी तथा अन्तरंग सेवा सञ्चालन हुँदै आएको छ ।

**हाल जि.आ.स्वा.के. बाट निम्नानुसारका सेवाहरु सञ्चालनमा रहेका छन् ।**

- बिरामी परीक्षण
- ❖ ईमर्जेन्सी. २४ घण्टा(प्राथमिक उपचार)
- ❖ जेनेरल ओ.पी.डी., १० बजे देखि ५ बजे सम्म
- प्याथोलोजी (Lab) सेवा, बिहान १० बजे देखि ५ बजे सम्म

**निशुल्क फार्मेसी**

- ❖ नेपाल सरकारले तोकेका २३ प्रकारका अत्यावश्यक आयुर्वेद औषधिहरु निशुल्क वितरण गरिने । बिहान १० बजे देखि साँझ ५ बजे सम्म

**सशुल्क फार्मेसी**

- ❖ निशुल्कका लागि तोकिएका बाहेक सबै प्रकारका औषधिहरु सुपथ मुल्यमा सबै कम्पनीको औषधीमा - ५% छुट

**पञ्चकर्म**

- ❖ वमन
- ❖ बिरेचन
- ❖ वस्ती ( आस्थापन, अनुवासन, मात्रा)
- ❖ नस्य
- पुर्व कर्महरु- दीपन, स्नेहन(अभ्यंग), स्वेदन
- सहायक कर्महरु
- ❖ शिरोधारा, शिरो वस्ती
- ❖ योनी प्रच्छालन/पिचु
- ❖ स्थानिक वस्ती- कटी वस्ती, जानु वस्ती, ग्रीवा वस्ती, हृद वस्ती, उर वस्ती, नेत्र वस्ती
- ❖ अन्य- कर्ण धुपन, कर्ण पुरण, अवगुण्डन, सेक
- ❖ नेती, धौती, लघु शंख प्रच्छालन, कटी स्नान, मेहन स्नान, पादस्नान, पट्टी, उपचारात्मक योग आदि
- अन्तरंग सेवा (In Patient Department) – १५ बेडमा बिरामी भर्ना गरी उपचार गर्ने

**विशेष कार्यक्रम**

- **स्तनपायी आमाको लागि दुधबर्द्धक औषधि वितरण- निशुल्क**
  - आमाको लागि पुष्टिकारक, वलबर्द्धक
  - बच्चाको लागि पुष्टिकारक दुध आउने
- **ज्येष्ठनागरिक स्वास्थ्य प्रवर्द्धन- निशुल्क**
  - आन्तरिक शक्ति वर्द्धक
  - रोग प्रतिरोधात्मक
  - आयु वर्द्धक

## २. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले प्रदान गरेका चिकित्सा जन्य सेवाहरु

### २.१ ओ.पि.डी. सेवा

- बिरामी परीक्षण
- प्याथोलोजी सेवा
- अस्पताल फार्मेसी सेवा
- पूर्वकर्म/पञ्चकर्म सेवा
- थेराप्युटिक योग सेवा
- स्वस्थ जीवन परामर्श सेवा
- क्षार सुत्र सेवा
- अग्नीर्कम

### २.२ अन्तरंग सेवा

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले आ.व. ०८१/०८२ मा जम्मा ४२ जना बिरामीहरुलाई अन्तरंग सेवा प्रदान गरेको थियो ।

### २.३ आकस्मिक सेवा

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले आ.व. ०८१/०८२ मा जम्मा २९६ जना ईमर्जेन्सी बिरामीहरुको उपचार गरेको थियो ।

## ३. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले प्रदान गरेका सम्पुर्ण सेवा तथा सेवाग्राहीको संख्या

| सि.नं. | विवरण | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | बहिरङ्ग सेवा | १८२३ | २०६६ | ३८८९ | |
| २ | एकाङ्ग स्वेदन | १३६० | १३०० | २६६० | |
| ३ | स्थानिक बस्ति | १०९३ | १२५६ | २३४९ | |
| ४ | सर्वाङ्ग स्वेदन | २८६ | ३७८ | ६६४ | |
| ५ | शिरोधारा | २४० | २५० | ४९० | |
| ६ | बाह्य स्नेहन | ३०१० | २६१३ | ५६२३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | मात्रा बस्ति | ९४ | ८७ | १८१ | |
| ८ | नस्य | २३७ | २७५ | ५१२ | |
| ९ | योग सेवा | १५५८ | १६०७ | ३१६५ | |
| १० | प्रयोगशाला सेवा | ६२० | ६१४ | १२३४ | |
| ११ | ज्येष्ठ नागरिक सेवा | ८०१ | ६७२ | १४७३ | |
| ११ | स्तनपायी सेवा | १६४ | | १६४ | |
| १२ | स्वास्थ्य प्रवर्द्धन सेवा | १४९५ | १६०५ | ३१०० | |
| १३ | क्षार सुत्र | १७ | १६ | ३३ | |
| १४ | शल्य सेवा | २१ | १६ | ३७ | |
| १५ | अग्निकर्म सेवा | ७५ | ७५ | १५० | |
| | जम्मा | | | २५७१४ | |

### ३.२. स्वास्थ्य शिविर

यस जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले यस क्षेत्रका नागरिकको लागि स्वास्थ्य सेवा अन्तर्गत आयुर्वेद चिकित्सा उपलब्ध गराउने हेतुले यस आ.व.मा बजेटमा व्यवस्था भए बमोजिम निम्न स्थानमा  स्वास्थ्य शिविर संचालन गरियो ।

- माइजोगमाई गा.पा.–१,  नयाँबजार ।
  - ✓ मितिः २०८२/०२/३१ गते ।
  - ✓ सेवाग्राही संख्या–१७५

### ३.३. नागरिक आरोग्य अभियान सञ्चालनका लागि अभियानकर्ताहरुलाई अभिमुखिकरण कार्यक्रम-

यस जिल्ला भित्र विभिन्न स्थानिय निकायमा रहेका नागरिक आरोग्य केन्द्रहरुमा कार्यरत अभियानकर्ताहरुलाई प्रभावकारीरुपमा सञ्चालनका लागि_नागरिक आरोग्य अभियान सञ्चालनका लागि अभिमुखिकरण कार्यक्रम गरियो ।

१. नागरिक आरोग्य केन्द्र, चुलाचुली गा.पा.-०४, आइतबारे

२. नागरिक आरोग्य केन्द्र, माईजोगमाई गा.पा.-०१, नयाँबजार

३. नागरिक आरोग्य केन्द्र, सुर्योदय नगरपालिका-५, समालबुङ

३. योग

- स्वस्थ जीवन शैली बारे अभिमुखिकरण
- नसर्ने रोगहरु बारे जानकारी
- चिकित्सकिय परामर्श

### ३.४ जनप्रतिनिधि समेतको सहभागितामा जिल्ला स्तरीय समिक्षा कार्यक्रम

यस जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले जि.स.स.प्रमुख, उपप्रमुख तथा सम्पूर्ण स्थानिय तहका जनप्रतिनिधिहरु, सम्पूर्ण औषधालयका कार्यलय प्रमुखहरुको सहभागितामा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले प्रदान गरेका सेवाहरुका बारेमा समन्वयात्मक छलफल गरी आ.व.२०८०/०८१ को कार्ययोजनाका बारेमा छलफल गरियो ।

### ३.५ महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई आयुर्वेद सेवा सम्बन्धी अभिमुखिकरण

इलाम जिल्लाको इलाम नगरपालिका पुवामझुवा र सुर्योदय नगरपालिकाको श्रीअन्तुमा क्रमसः स्वास्थ्य संयोजकको उपस्थिती र प्रमुख प्रशासकिय अधिकृत तथा वडा अध्यक्षको समुपस्थितीमा कार्यक्रम सम्पन्न भयो ।

### ३.६ स्वस्थ जीवन प्रवर्द्धनका योग अभ्यास कार्यक्रम

सुर्योदय नगरपालिकाको वडा नं. ११ स्थित विरेन्द्र मा.वि. दैनिक रुपमा संचालन गरियो

## ४. आयुर्वेद सेवा कार्यक्रमहरु

### ४.१ बिरामी तथ्यांङ्क

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | जिल्लाका जम्मा सेवाग्राहीको संख्या | **२८१३६** |
| २. | औषधालयको जम्मा सेवाग्राहीको संख्या | **२९७५९** |
| | क) एकतप्पा आयुर्वेद औषधालय जम्मा | २१८२ |
| | ख) फाकफोक आयुर्वेद औषधालय जम्मा | ६३२२ |
| | ग) जमुना आयुर्वेद औषधालय जम्मा | ३७७८ |
| | घ) इलाम आयुर्वेद औषधालय जम्मा | ६५७५ |
| | ङ)रोङ्ग आयुर्वेद औषधालय जम्मा | ४३०० |
| | च) माई आयुर्वेद औषधालय जम्मा | १२२३ |
| | छ) नागरिक आरोग्य सेवा केन्द्र समालबुङ्ग | १८० |
| | ज) नागरिक आरोग्य सेवा केन्द्र चुलाचुली | २८७८ |
| | झ) नागरिक आरोग्य सेवा केन्द्र माङसेबुङ्ग | २१७१ |
| | ञ) ) नागरिक आरोग्य सेवा केन्द्र माईजोगमाई नायाँबजार | १५० |
| ३. | जम्मा बिरामी संख्या (१+२) | **५७८९५** |

**जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तथा जिल्लाका आयुर्वेद औषधालयबाट प्रदान गरिएका विशिष्ट सेवाहरुको सेवाग्राहीको संख्याः**

| | | |
|---|---|---|
| ४. | स्तनपायी सेवाग्राहीको संख्या | ५४० |
| ५. | जेष्ठनागरिक सेवाका जम्मा संख्या | ३३६८ |
| ६. | पञ्चकर्म सेवा/पूर्वकर्मसेवाका जम्मा बिरामी संख्या | १३४८० |
| ७. | गाउँघर क्लिनिकका जम्मा बिरामी संख्या | १५८६ |
| ८. | क्षारसूत्र सेवाको विरामी संख्या | ३३ |

## ५. भौतिक पुर्वाधार व्यवस्थापन

कार्यालयको पुरानो भवनका अतिरिक्त पछि निर्मित २ कोठे हल (हाल थेरापी सञ्चालित)र फार्मेसी को लागि बनाईएको कोठा(हाल सर्जरी कक्ष) का अतिरिक्त २ वटा भवन भाडामा लिएर अस्पतालको सेवा विस्तार गरिएको छ । यस आ.व.मा कार्यालय परिसरभित्र आफ्नै स्वप्रयासमा गाडी तथा मोटरसाइकल पार्किङ्को निम्ति छत र फूल सजावटको निम्ति बाँसको स्टयाण्ड निर्माण सम्पन्न गरियो ।

## Human Resources

| POSTS | GOVERNMENT | | Development committee | | CURRENTLY AVAILABLE | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Sanctioned post | Fulfilled | Sanctioned post | Fulfilled | Government Permanent | Development Committee permanent | Scholarship Contract | Other Contract | Total |
| Ayurveda Doctor | 1 | 1 | - | - | 1 | - | - | 1 | 2 |
| kaviraj | 1 | - | - | - | - | - | - | - | - |
| Baidya | 1 | 1 | - | - | 1 | - | - | 3 | 4 |
| Lab Technician | - | - | - | - | - | - | - | 1 | 1 |
| Staff Nurse | - | - | - | - | - | - | - | 1 | 1 |
| A.N.M(Auxiliary Nurse Midwife) | - | - | - | - | - | - | - | 2 | 2 |
| Accountant | 1 | - | 1 | 1 | - | - | - | - | 1 |
| Office Attandant | 2 | 2 | - | - | - | - | - | 2 | 4 |
| Light Vehicle Driver | - | - | - | - | - | - | - | 1 | 1 |
| Abhyangkarta | - | - | - | - | - | - | - | 2 | 2 |
| Total | 6 | 4 | 1 | 1 | 2 | - | - | 13 | 18 |

## Human Resources of Nagarik Aarogya Sewa Kendra

| सि.नं. | नागरिक आरोग्य सेवा केन्द्रको नाम/स्थानिय तह | कार्यरत जनशक्तिहरुको नाम | मासिक पारिश्रमिक | मोबाइल नं./इमेल | जनशक्ति पारिश्रमिक कुल खर्च | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | नागरिक आरोग्य सेवा केन्द्र,चतुरे माङसेबुङ गा.पा | भरत राय | ३०,०००/- | ९८२४७८२७४३ | ३,६०,०००/- | |
| २ | नागरिक आरोग्य सेवा केन्द्र,समालबुङ सुर्योदय न.पा | पुजा शाह | ३०,०००/- | ९७६७११२३४६ | ९०,०००/- | |
| ३ | नागरिक आरोग्य सेवा केन्द्र,आइतबारे चूलाचुली गा.पा | सरोज निरौला | ३०,०००/- | ९८४२६९५२०२ | ३,६०,०००/- | |
| ४ | नागरिक आरोग्य सेवा केन्द्र, ईरौटार रोङ गा.पा | महेश राई | ३०,०००/- | ९८४९५७४५९७ | ३,६०,०००/- | |
| ५ | नागरिक आरोग्य सेवा केन्द्र, शितली माई न.पा. | सुनिता राई | ३०,०००/- | ९८१६९२२५७८ | ३,६०,०००/- | |
| ६ | नागरिक आरोग्य सेवा केन्द्र,नँयाबजार माईजोगमाई गा.पा. | गणेश चौधरी | ३०,०००/- | ९८४४८०४१५० | ९०,०००/- | |

District Ayurveda Health Centre, Illam

## जिल्ला स्थित संस्थाहरुको भौतिक पूर्वाधारहरुको अवस्था

| क.सं. | आयुर्वेद संस्थाहरुको नाम (जिल्ला अस्पताल र औषधालयहरु) | भवनको कोठा संख्या अवस्था (पर्याप्त / अपर्याप्त) | जग्गाको क्षेत्रफल अवस्था (पर्याप्त / अपर्याप्त) | कैफियत (आवास आदि) |
|---|---|---|---|---|
| १. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, सुर्योदय-११ आइतबारे | १२ वटा (अपर्याप्त) | ९ रोपनी (पर्याप्त) | नरहेको |
| २ | जमुना आयुर्वेद औषधालय, सन्दकपुर-५ जमुना | ६ वटा (अपर्याप्त) | १ रोपनी १आना (अपर्याप्त) | रहेको |
| ३ | फाकफोक आयुर्वेद औषधालय, | ५ वटा (अपर्याप्त) | १ रोपनी (अपर्याप्त) | नरहेको |
| ४ | ईलाम आयुर्वेद औषधालय, | ५ वटा (अपर्याप्त) | ८ आना (अपर्याप्त) | नरहेको |
| ५ | एकतप्पा आयुर्वेद औषधालय, | ८ वटा (अपर्याप्त) | ८ आना (अपर्याप्त) | रहेको |

## Operating Budget for FY 2081/82 Government Budget (Rs. in thousand)

| Budget | Budget Allocated | Budget Expenditure | Expenditure Percentage |
|---|---|---|---|
| Capital | | | |
| Recurrent | 16874 | 13939 | 82.60 |
| Total | 16874 | 13939 | 82.60 |

| Budget | Budget Allocated | Budget Expenditure | Expenditure Percentage |
|---|---|---|---|
| Federal Bond | 2647 | 2630 | 99.35 |
| Provincial Bond | 14227 | 11309 | 79.48 |
| Development Committee | 1137 | 870 | 76.51 |
| Others | 18011 | 14809 | 82.22 |
| Total | 36022 | 29618 | 82.22 |

8/1/2025 5

## जिल्ला भित्र रहेकाका औषधालयहरुको प्रगति विवरण

| औषधालयको नाम | समग्र भौतिक प्रगति (प्रतिशत) | समग्र वित्तीय प्रगति (प्रतिशत) | कुल बजेट | जम्मा खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १. एकतप्पा आयुर्वेद औषधालय | १००% | १००% | १०,५०,०००/- | १०,५०,०००/- | |
| २. फाकफोक आयुर्वेद औषधालय | १००% | १००% | १५,५०,०००/- | १५,५०,०००/- | |
| ३. ईलाम आयुर्वेद औषधालय | १००% | ९८.७५% | १५,५०,०००/- | १५,३०,७००/- | |
| ४. जमुना आयुर्वेद औषधालय | १००% | १००% | १०,००,०००/- | १०,००,०००/- | |

2025-11-14 Ministry of Health, Health Directorate, Koshi Province Slide No. 6

## जिल्ला भित्र रहेकाका औषधालयहरुको प्रगति विवरण

| औषधालयको नाम | समग्र भौतिक प्रगति (प्रतिशत) | समग्र वित्तीय प्रगति (प्रतिशत) | कुल बजेट | जम्मा खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १. एकतप्पा आयुर्वेद औषधालय | १००% | १००% | १०,५०,०००/- | १०,५०,०००/- | |
| २. फाकफोक आयुर्वेद औषधालय | १००% | १००% | १५,५०,०००/- | १५,५०,०००/- | |
| ३. ईलाम आयुर्वेद औषधालय | १००% | ९८.७५ % | १५,५०,०००/- | १५,३०,७००/- | |
| ४. जमुना आयुर्वेद औषधालय | १००% | १००% | १०,००,०००/- | १०,००,०००/- | |

2025-11-14 Ministry of Health, Health Directorate, Koshi Province Slide No. 6

## आयोजना तथा कार्यक्रम अनुसारको प्रगति विवरण (प्रदेश)

| क.सं | कार्यक्रमको नाम | कुल बजेट | खर्च | सम्पन्न भएको वा नभएको | संख्या / पटक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आयुर्वेद सम्बन्धि सूचना संदेश/ डकुमेन्ट्री निर्माण | ५,००,००० | ४,६०,०००.४८ | सम्पन्न | एक | |
| २ | न्युनतम सेवा मापदण्ड सुधार कार्यक्रम | ३,००,००० | २,४८,०००.४८ | सम्पन्न | तीन | |
| ३ | कार्यालय परीसरमा नमुना जडीबुटी उद्यान निर्माण | ४५,००० | ४,३००.४८ | सम्पन्न | दुइ | कार्यालय परिसर |
| ४ | स्वस्थ जीवन प्रवर्द्धनका लागि योगाभ्यास कार्यक्रम | १,००,००० | १,००,००० | सम्पन्न | निरन्तर | विरत्र न.पि |
| ५ | नागरिक आरोग्य सेवा केन्द्र विस्तार एवं अभियान सचालन | ५,००,००० | ४,८६,०००.१० | सम्पन्न | ४ स्थानीय तह | |
| ६ | महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि आयुर्वेद सेवा सम्बन्धी अभिमुखिकरण | १,००,००० | १,००,००० | सम्पन्न | २ स्थानीय तह | इलाम र सूर्योदय |
| ८ | नि.शुल्क | २,००,००० | १,९९,०००.९९ | सम्पन्न | १ स्थान | माईजोगमाइ |

## आयोजना तथा कार्यक्रम अनुसारको प्रगति विवरण (संघ सशर्त)

| क.सं | कार्यक्रमको नाम | कुल बजेट | खर्च | सम्पन्न भएको वा नभएको | संख्या / पटक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पञ्चकर्म-पूर्वकर्म कार्यक्रम | ५,२०,००० | ५,०४,००० | सम्पन्न | निरन्तर | |
| २ | प्रयोगशाला सञ्चालन | ४,१७,००० | ४,१६,००० | सम्पन्न | निरन्तर | |
| ३ | नागरिक आरोग्य सेवा केन्द्र तथा अभियान सञ्चालन | ११,६०,००० | ११,५९,००० | सम्पन्न | निरन्तर | |
| ४ | अत्यावश्यक आयुर्वेद औषधि खरिद | ५,५०,००० | ५,४९,००० | सम्पन्न | एक | |

2025-11-14 Ministry of Health, Health Directorate, Koshi Province Slide No. 8

## नागरिक आरोग्य कार्यक्रम सम्वन्धि विवरण

| क. स. | क्रियाकलाप | विवरण |
|---|---|---|
| १. | बजेट बाँडफाँड सहितको कार्ययोजना तयारी र समन्वय गरेको भए समन्वय गरेका संस्थाहरु | नागरिक आरोग्य संचालन भएका स्थानीय तह सबै |
| २. | सामग्री प्रकाशन प्रशारण गरेका विषयवस्तुहरु | नागरिक आरोग्य हाते पुस्तिका, स्वास्थ्य संदेश, स्वस्थ जीवन प्रवर्द्धनका लागि योगाभ्यास सम्बन्धी ब्रोसर, खाद्य र पोषण सम्बन्धी ब्रोसर |
| ३. | जिल्ला तथा स्थानीयतहबाट हस्तान्तरण भएका सामाग्रीहरु | सूचना सामग्रीका ब्रोसर, फ्लेक्स, मेडिकल उपकरण, ग्लुकोमिटर, व्याग, औषधि |
| ४. | पालिकास्तरीय नागरिक आरोग्य समितिलाई अभिमुखीकरण सम्वन्धि | पहिले संचालन गरिएको |
| ५ | वडा स्तरीय नागरिक आरोग्य समुहलाई अभिमुखीकरण सम्वन्धि | पहिले संचालन गरिएको |
| ६ | स्थानिय तहलाई हस्तान्तरण भएका नागरिक आरोग्य सेवा केन्द्रहरुको संख्या | तीन |



## नागरिक आरोग्य समिति गठन

| सि.नं. | जिल्ला / पालिका | समिति गठन भएको /नभएको | समिति गठन भएको मिति | कैफियत |
|---|---|---|---|---|
| १ | माङसेबुङ गा.पा | भएको | २०७८/७९ | |
| २ | रोङ गा.पा | भएको | २०७८/७९ | |
| ३ | सुर्योदय न.पा | भएको | २०७८/७९ | |
| ४ | माईजोगमाई गा.पा | भएको | २०७८/७९ | |
| ५ | चुलाचुली गा.पा | भएको | २०७८/७९ | |
| ६ | ईलाम न.पा | भएको | २०७८/७९ | |

2025-11-14 Ministry of Health, Health Directorate, Koshi Province Slide No. 10



## नागरिक आरोग्य समिति गठन

| सि.नं. | जिल्ला / पालिका | समिति गठन भएको / नभएको | समिति गठन भएको मिति | कैफियत |
|---|---|---|---|---|
| १ | माङसेबुङ गा.पा | भएको | २०७८/७९ | |
| २ | रोङ गा.पा | भएको | २०७८/७९ | |
| ३ | सुर्योदय न.पा | भएको | २०७८/७९ | |
| ४ | माईजोगमाई गा.पा | भएको | २०७८/७९ | |
| ५ | चुलाचुली गा.पा | भएको | २०७८/७९ | |

2025-11-14 Ministry of Health, Health Directorate, Koshi Province Slide No. 11

## नागरिक आरोग्य समुह गठन

| सि.नं. | पालिका / वडा | समिति गठन भएको /नभएको | समिति गठन भएको मिति | कैफियत |
|---|---|---|---|---|
| १ | माङसेबुङ गा.पा-५ | भएको | २०८०/०२/०२ | |
| २ | रोङ गा.पा-३ | भएको | २०८०/०१/२६ | |
| ३ | सुर्योदय न.पा-४ | भएको | २०८०/०३/०६ | |
| ४ | माईजोगमाई गा.पा-३ | भएको | २०८१/०२/११ | |
| ५ | चुलाचुली गा.पा-२ | भएको | २०८०/०२/२३ | |
| ६ | रोङ गा.पा-१ | भएको | २०८०/०१/२९ | |
| ७ | माङसेबुङ गा.पा-३ | भएको | २०८०/०२/०३ | |
| ८ | रोङ गा.पा-५ | भएको | २०८०/०२/११ | |
| ९ | सुर्योदय न.पा-५ | भएको | २०८०/०२/१६ | |

## आयुर्वेद सेवाको अभिमुखिकरण प्राप्त गरेका सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको विवरण (तीन आ.व.को )

| क.सं | FCHW तालिम लिनेको संख्या | तालिम लिएको ठेगाना | तालिम लिएको आ.व | कैफियत |
|---|---|---|---|---|
| १ | १९ जना | इ.न.पा-१०, ईलाम | २०७९/८० | |
| २ | ३० जना | सु.न.पा-१०, ईलाम | २०७९/८० | |
| ३ | २२ जना | इ.न.पा-१०, ईलाम | २०८०/८१ | |
| ४ | २३ जना | सु.न.पा-११, ईलाम | २०८०/८१ | |
| ५ | ३० जना | इ.न.पा-३, ईलाम | २०८१/८२ | |
| 6 | २४ जना | सु.न.पा-४, ईलाम | २०८१/८२ | |

2025-11-14 Ministry of Health, Health Directorate, Koshi Province Slide No. 13

## औषधि खरिद तथा औषधि निर्माणको विवरण

| सि.नं. | विवरण | बजेट | बजेटको स्रोत (विभाग / अन्य) | कैफियत |
|---|---|---|---|---|
| १ | अत्यावश्यक औषधी खरिद | ९५०,०००/ | प्रदेश सरकार र सशर्त अनुदान | |
| २ | चूर्ण औषधी निर्माण | | | |
| ३ | जेष्ठ नागरिकको लागि खरिद | | | |
| ४ | स्तनपायी आमाको लागि खरिद | | | |
| ६ | शिविरको लागि औषधी खरिद | १,००,००० | | |
| ७ | नागरिक आरोग्य सेवा केन्द्रको लागि खरिद | ४,००,००० | सूर्योदय न.पा. | |
| ८ | अन्य कार्यक्रमको लागि खरिद | | | |
| | जम्मा | | | |

2025-11-14 Ministry of Health, Health Directorate, Koshi Province Slide No. 14

## Development Committee

| Description | |
|---|---|
| **1. Financial Information** | **Amount ( Rs. in thousand)** |
| 2.1. Balance @ end Asaar 2081 | 1086 |
| 2.2. Income (service fees, rent, donation etc.) during 2081/82 | 1137 |
| 2.3. Expenses during 2081/82 | 870 |
| 2.4. Balance @ end Asaar 2082 | 1352 |
| 2.5. Details of any donation received, gift in kind | |
| **2. . Number of meetings held in FY 2081/82** | 2 |

8/5/2025 15

## कुल वेरुजू र फस्यौंटको विवरण (हालसम्म)

| आर्थिक वर्ष | लगत रु हजारमा | | | | फर्स्यौट रु. हजारमा | | | | फर्स्यौट हुन बाकी रु. हजारमा |
|---|---|---|---|---|---|---|---|---|---|
| | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की | जम्मा | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की | जम्मा | |
| २०७३/७४ सम्म | | | | | | | | | |
| २०७४/७५ | | | | | | | | | |
| २०७५/७६ | | | | | | | | | |
| २०७६/७७ | | | | | | | | | |
| २०७७/७८ | | | | | | | | | |
| २०७८/७९ | | | | | | | | | |
| २०७९/८० | | ९९.९ | | ९९.९ | | ९९.९ | | ९९.९ | ०० |
| २०८०/८१ | | | | | | | | | |
| २०८१/८२ | | | | | | | | | |
| जम्मा | | | | | | | | | |

## MSS Status (Score)

| Indicators | 2080/81 2nd | 2081/82 | |
|---|---|---|---|
| | | 1st | 2nd |
| Governance | | | 35.90 |
| Clinical service management | | | 43.6 |
| Hospital support Service | | | 58.68 |
| **Overall MSS Score** | 64 | | 45.12 |

## निजी आयुर्वेद तथा वैकल्पिक संस्थाको विवरण

| क्र. सं. | संस्थाको नाम / ठेगाना | बेड संख्या | प्रणाली | कैफियत |
|---|---|---|---|---|
| १. | मातामनकामना आयुर्वेद उपचार केन्द्र, इलाम | | आयुर्वेद सामान्य उपचार | |
| २. | | | | |

## गत आ.ब.को बार्षिक समीक्षामा उठेका विषयहरूको कार्यान्वयन अवस्था

| गत आर्थिक बर्षको समीक्षाबाट पहिचान गरिएका प्राथमिकताहरू | हालको प्रगति/कार्यान्वयन अवस्था |
|---|---|
| गुणस्तरीय औषधिको उपलब्धता | आन्तरिक रूपमा परिक्षण गरी गुणस्तर प्रमाणपत्र समेत माग गरेर औषधिको गुणस्तर सुनिश्चितता गरिएको |
| नागरिक आरोग्य अभियान संचालन | घरदैलो तथा घरभेट क्रियाकलाप, स्वस्थ जीवन क्रियाकलाप संचालन गरिएको, नागरिकको स्वास्थ्य परिक्षण गरिएको, खाद्य, पोषण, स्थानीय उत्पादन र प्रयोग गर्न प्रोत्साहन गरिएको, योगाभ्यास तथा सचेतनामूलक क्रियाकलाप संचालन गरिएको |
| न्युनतम सेवा मापदण्ड बमोजिम स्वास्थ्य संस्था तयारी अवस्थामा कायम गर्नुपर्ने | कार्ययोजना तयार तथा स्वीकृति गरी MSS को मापदण्ड बमोजिम व्यवस्थापन गरिएको |
| | |

8/14/2025 19

## Existing Hospital Building and land

- Hospital owned land: 9 Ropani (Ropani/Bigaha)
- Building:

| विवरण | संख्या | अपर्याप्त भए कति र कुन प्रयोजन को लागि |
|---|---|---|
| Hospital Room | 13 | 10 (laundry and housekeeping, panchkarma, sterilization) |
| Doctor quarter: | | |
| Nurses quarter: | | |
| Paramedics quarter: | | |
| Other Staff quarter: | | |

## Medical Waste Management in Hospital


| S. No. | Activities | Current Practice | Number of Equipment | Condition of equipment |
|---|---|---|---|---|
| 1 | Infectious Waste(used bandages, dressings, blood-soaked materials(Cannula) , swab-chemical disinfection, incineration | Chemical disinfection ,open burning | Color-coding(according to WHO guidelines) Dustbins | 9 |
| 2 | Sharps Wastes(Needles, syringes, blades, broken glass )- | Open burning | | |
| 3 | Chemical Waste(Laboratory reagents,solvents)- | Chemical disinfection, Burning | | |
| 4 | General(Non-Hazardous Waste)-(Paper, food waste,packaging materials)- | Composting | | |
| 5 | Plastic Waste(IV Tubes, Catheter,Plastic Syringes)- | Open burning | | |
| 6 | Pharmaceutical Waste(Antibiotic, Vaccines, Tablets)- | Open burning | | |
| | | | | |

**Note: Please mention current practice of final waste disposal system in Hospital (e.g. open burning, dispose in municipality/ Private container etc.)**

8/5/2025 21

## Status of the major indicators

| सि.नं | विवरण | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|
| १ | OPD बिरामी | ५७५६ | ३८२४ | ३८८९ |
| २ | स्तनपायी आमा सेवाका जम्मा बिरामी | ३९३ | २०३ | १६४ |
| ३ | जेष्ठ नागरिक सेवाका जम्मा बिरामी | ८७१ | ११७८ | १४७३ |
| ४ | पूर्वकर्म र पञ्चकर्म सेवाका जम्मा बिरामी | ७१८९ | ८०२४ | १२४७९ |
| ५ | स्वास्थ्य शिविरका जम्मा बिरामी | १६८ | १४४ | १७५ |
| ६ | प्रयोगशाला सेवाका जम्मा बिरामी | ७९७ | ९९३ | १२३४ |
| ७ | नागरीक आरोग्य सेवा कार्यक्रम लाभान्वित | १९९३ | | ८३०४ |
| ८ | क्षार सुत्र सेवा | ० | ० | ३३ |
| ९ | योग सेवा | २४१२ | २५४९ | ३१६५ |
| १० | अन्तरंग सेवा | ५९ | १७ | ४२ |
| ११ | प्राथमिक/आकस्मिक सेवा | ५४ | ९६ | २९६ |
| १२ | अग्निकर्म | ० | ० | १५० |
| | कुल बिरामी | १९६९२ | १७०२८ | ३१३७१ |




## Top ten Morbidity

| Rank | Causes of Morbidity 2081/82 | % Among Total OPD Visit | Rank in 2080/81 |
|---|---|---|---|
| 1 | Vatvyadhi | 34.32 | 1 |
| 2 | Gudvikar | 12.08 | 2 |
| 3 | Amlapitta | 9.12 | 3 |
| 4 | Udar Rog | 7.89 | 4 |
| 5 | Atishar/ Grahani | 5.09 | 5 |
| 6 | Stri Rog | 4.60 | 6 |
| 7 | Swas Kas | 4.42 | 7 |
| 8 | Karn, Nasa Mukh, Dant, kanth Rog | 4.42 | 8 |
| 9 | Bal Rog | 4.06 | 9 |
| 10 | Raktachap | 3.75 | 10 |
| | **Total OPD Cases:** | | |

8/1/2025 24

# अस्पतालको फार्मेसी (निशुल्क)

• जम्मा विनियोजित बजेट रू  ९,५०,०००/  २०८१/८२

| विषयवस्तु | विवरण |
|---|---|
| फार्मेसी संचालन गरेको मिति | २०२१ साल |
| फार्मेसीमा उपलब्ध औषधिहरुको संख्या | २३ प्रकार |
| फार्मेसीमा कार्यरत जनशक्ती संख्या (जना) | १ जना |
| Softwareको उपलब्धता र अवस्था | छैन |
| वार्षिक आम्दानी रकम (रू) | |
| वार्षिक खर्च (औषधि खरिद, कर्मचारी तथा अन्य) रू. | |
| वार्षिक खुद आम्दानी रू. | |

8/5/2025 25

# अस्पतालको फार्मेसी (सशुल्क)

• ***जम्मा बिनियोजित बजेट रू***  २०८१/८२ .........................

| बिषयबस्तु | बिबरण |
|---|---|
| फार्मेसी संचालन गरेको मिति | २०७५ साल |
| फार्मेसीमा उपलब्ध औषधिहरुको संख्या | १८६ किसिम |
| फार्मेसीमा कार्यरत जनशक्ती संख्या (जना) | १ जना |
| Softwareको उपलब्धता र अवस्था | रहेको |
| वार्षिक आम्दानी रकम (रू) | ६,५०,३६९.८२/- |
| वार्षिक खर्च (औषधि खरिद, कर्मचारी तथा अन्य) रू. | ४,१२,५९८/- |
| वार्षिक खुद आम्दानीरू. | २,३७,७७१/- |

8/5/2025 26

## Major Achievements during FY 2081/82

१. उपचारात्मक सेवा अन्तर्गत शिरोधारा कक्षको छुट्टै व्यवस्थापन गरी सेवा संचालन गरिएको

२. सेवा मापदण्ड बमोजिम औषधि स्टोरको व्यस्थापन गरिएको

३. अवरूद्ध भएको क्षारसूत्र पुन: संचालन गरिएको

४. अन्तरंग सेवा लाई थप व्यवस्थित गरी गुणस्तरीय सेवा प्रवाह गरिएको

५.आकस्मिक सेवालाई सवलिकरण गरिएको

६. सेवाग्राहीलाई ओपिडी पूर्जा संगै स्वस्थ जीवन सम्वन्धी सूचना सामग्री वितरण गर्ने गरिएको

७. सेवाको प्रभावकारिताको कारणले भारतको सीमावर्ती क्षेत्रवाट उल्लेखनीय संख्यामा सेवाग्राही वृद्धि भएको

8/5/2025 27

## पूर्वाधार, औषधी तथा मानव स्रोत व्यवस्थापन, बजेट, अभिलेख/प्रतिवेदन सम्वन्धी समस्या, समाधानको उपाय र जिम्मेवार निकाय

| | पहिचान गरेका प्रमुख सवालहरु (Issues) | समाधानको उपाय | जिम्मेवार निकाय |
|---|---|---|---|
| भौतिक पूर्वाधार | ५० वर्ष भन्दा पुरानो जीर्ण सानो भवन हुनु | संस्थाको आफ्नै १ रोपनी जमिन भएको, समयसापेक्ष आधुनिक भवन निर्माण गर्नका लागि DPR सम्पन्न भई मन्त्रालयमा पेश भईसकेको हुँदा यथाशिघ्र DPR स्वीकृत गरी समयसापेक्ष आधुनिक भवन निर्माण गर्ने | स्वास्थ्य मन्त्रालय |
| औजार तथा उपकरण | रोग निदानका लागि आवश्यक X-Ray, USG तथा ECG machine को अभाव | यथोचित बजेटको व्यवस्थापन गरी X-Ray, USG तथा ECG machine को व्यवस्था हुनु | स्वास्थ्य मन्त्रालय |
| औषधी व्यवस्थापन | PHLMC बाट आपूर्ति हुने आयुर्वेदिक औषधिहरु समयमा नै आपूर्ति नहुनु | PHLMC बाट आपूर्ति हुने आयुर्वेदिक औषधिहरु समयमा नै आपूर्ति हुनु | PHLMC |

## पूर्वाधार, औषधि तथा मानव स्रोत व्यवस्थापन, बजेट, अभिलेख/प्रतिवेदन सम्बन्धि समस्या, समाधानको उपाय र जिम्मेवार निकाय

| | पहिचान गरेका प्रमुख सवालहरु (Issues) | समाधानको उपाय | जिम्मेवार निकाय |
|---|---|---|---|
| बजेट | समग्र कार्यक्रमहरुमा कम बजेटको विनियोजन हुनु | यथोचित बजेटको विनियोजन हुनु | स्वास्थ्य मन्त्रालय |
| मानव स्रोत व्यवस्थापन | स्वीकृत दरबन्दी अनुसार जनशक्ति व्यवस्थापन नहुनु | यथाशिघ्र जनशक्तिको व्यवस्थापन हुनु | स्वास्थ्य मन्त्रालय |
| रेकर्डिङ र रिपोर्टिङ | रेकर्डिङ र रिपोर्टिङ दैनिक रुपमा नहुनु, सम्बन्धित कर्मचारीको व्यवस्थापन नहुनु | रेकर्डिङ र रिपोर्टिङ दैनिक रुपमा गर्नका लागि आवश्यक संसाधनहरुको व्यवस्थापन गरी सम्बन्धित कर्मचारीको पनि व्यवस्थापन गर्नु | स्वास्थ्य मन्त्रालय |

## आयुर्वेद स्वास्थ्य सेवाको समस्या, समाधानको उपाय र जिम्मेवार निकाय

| क्र.स | पहिचान गरेका प्रमुख सवालहरु (Issues) | समाधानको उपाय | जिम्मेवार निकाय |
|---|---|---|---|
| १ | आधारभूत संरचनाको साथै निदानात्मक औजार र उपकरणहरुको अभाव | समय सापेक्ष आधारभूत संरचनाको साथै निदानात्मक औजार र उपकरणहरुको व्यवस्थापन | स्वास्थ्य मन्त्रालय |
| २ | बजेट तथा प्रशिक्षित दक्ष जनशक्तिको अभाव | यथोचित बजेट विनियोजन तथा जनशक्तिहरुको क्षमता अभिवृद्धि | स्वास्थ्य मन्त्रालय |
| ३ | गुणस्तरीय औषधिहरुको अभाव | गुणस्तरीय औषधिहरुको व्यवस्थापन | स्वास्थ्य मन्त्रालय |
| ४ | लक्ष्य र indicator विहिन कार्यक्रमहरु हुनु | कार्यक्रमहरुको लक्ष्य र स्पष्ट indicator हरुको निर्धारण | स्वास्थ्य मन्त्रालय |
| ५ | सरकारी सहयोगको कमी तथा जिल्लागत आयुर्वेद स्वास्थ्य संस्थाहरुलाई अस्पतालको रुपमा स्तरोन्नति गर्ने नीतिको अभाव | सरकारी सहयोगमा बढोत्तरी तथा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरुलाई अस्पतालमा स्तरोन्नति गर्ने नीति निर्माण | स्वास्थ्य मन्त्रालय |
| ६ | चिकित्सा पद्दतिप्रति समाजको धारणा तथा सचेतनाको कमी | समाजको धारणा परिवर्तन तथा सचेतनाको अभिवृद्धिका निम्ति विभिन्न प्रचारप्रसारका कार्यक्रमहरुको वृद्धि | स्वास्थ्य मन्त्रालय |
| ७ | Research को अभाव | आयुर्वेद स्वास्थ्यसँग सम्बन्धित विभिन्न विषयहरुमा समय सापेक्ष research गर्नु | आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग / स्वास्थ्य मन्त्रालय / NARTC |

## आ.व २०८०/०८१ को उत्कृष्ट कार्य तथा सिकाई (जिल्ला भित्र)

| | |
|---|---|
| उत्कृष्ट कार्यहरु | ➢उपचारात्मक सेवा अन्तर्गत शिरोधारा कक्षको छुटै व्यवस्थापन गरी सेवा संचालन गरिएको<br>➢सेवा मापदण्ड बमोजिम औषधि स्टोरको व्यस्थापन गरिएको<br>➢अवरूद्ध भएको क्षारसूत्र पुन: संचालन गरिएको<br>➢अन्तरंग सेवा लाई थप व्यवस्थित गरी गुणस्तरीय सेवा प्रवाह गरिएको |
| नविनतम कार्यहरु | ➢नागरिकहरुमा सेवाको पहुच अभिवृद्धि गर्न Connecting to community कार्यक्रम संचालन गरिएको |
| सिकाईहरु | ➢कार्ययोजना बनाई कार्यसम्पादन गर्दा अपेक्षित नतिजा प्राप्त गर्न सकिनेरहेछ<br>➢सरोकारवाला संगको समन्वयमा र सहभागितामा समुदायमा कार्यक्रम संचालन गर्न सहजीकरण हुने रहेछ<br>➢आन्तरिक नियन्त्रण प्रणालीले सुशासनको प्रवर्द्धन गर्न सकिने रहेछ |
| मुख्य उपलब्धीहरु | ➢सेवाग्राहीलाई ओपिडी पूर्जा संगै स्वस्थ जीवन सम्बन्धी सूचना सामग्री वितरण गर्ने गरिएको<br>➢सेवा प्रभावकारिताको कारणले भारतको सीमावर्ती क्षेत्रवाट उल्लेखनीय संख्यामा सेवाग्राही वृद्धि |

## Way Forward

| |
|---|
| १. कार्यक्रमको स्पष्ट लक्ष्य र सूचांक निर्धारण गरी नतिजा सँग आवद्ध गरिनुपर्ने |
| २. कार्यक्रमको प्रणालीगत र वस्तुगत अनुगमन गरी सुझाव र पृष्ठपोषणका आधारमा सुधारको योजना वनाउनुपर्ने |
| ३. कर्मचारीको क्षमता अभिवृद्धि गरी दक्षता र व्यावसायिकता अभिवृद्धि गरिनुपर्ने |
| ४. सेवा मापदण्ड बमोजिम भौतिक संरचना र उपकरण उपलव्धताको सुनिश्चितता गरिनुपर्ने |
| ५. EMR प्रणाली लागू गरी तथ्यांक व्यवस्थापन गर्नुपर्ने |
| ६. G to G विधिवाट औषधि खरिद गरी लागत प्रभावकारिता र गुणस्तरीयता कायम गरिनुपर्ने |

32

## स्वास्थ्य कार्यक्रमहरूको प्रमुख समस्या तथा अपेक्षा

| कार्यक्रम | समस्याहरू | समस्या समाधानको लागि गरिएको अपेक्षा |
|---|---|---|
| महिला स्वास्थय स्वंसेविकालाई अभिमुखीकरण कार्यक्रम | वजेटको अपर्याप्तताले सवै लक्षित वर्गमा पहुच नपुगेको | प्राथमिकता निर्धारण गरी कार्यक्रम संचालन गरिएको |
| स्वस्थ जीवनका लागि योगाभ्यास कार्यक्रम | दक्ष र सीपयुक्त प्रशिक्षक नभएकाले कार्यसम्पदनामा कठिनाई भएको | प्रशिक्षक प्रशिक्षण तालिम संचालन गरिनुपर्ने |
| नागरिक आरोग्य अभियान संचालन | न्यून प्राविधिक जनशक्ति भएकाले सेवाको पहुच नपुगेको | थप जनशक्तिको व्यवस्थापन हुनुपर्ने |
| नि:शुल्क आयुर्वेद स्वास्थ्य शिविर | वजेटको अपर्याप्तताले सवै लक्षित वर्गमा पहुच नपुगेको | थप वजेट व्यवस्था गरी विशेषज्ञ शिविर संचालन गर्नुपर्ने |

## पहिचान भएका समस्या तथा प्राथमिकताहरू यस आर्थिक वर्षमा पुरा गर्ने प्रतिवद्धता

| हाल देखा परेका समस्या तथा प्राथमिकताहरू | पहिचान भएका समस्या तथा प्राथमिकताहरू यस आर्थिक वर्षमा पुरा गर्ने प्रतिवद्धता |
|---|---|
| सेवा मापदण्ड पुरा गर्न स्रोत साधन व्यवस्थापन र परिचालन गर्न नसकिएको | कार्ययोजना बनाई आन्तरिक र प्रदेश सरकारको समेत स्रोत परिचालन गरी न्युनतम सेवा मापदण्ड पुरा गरिनेछ |
| गुणस्तरीय औषधिको आपूर्ति र व्यवस्थापनमा समस्या | G to G विधिवाट औषधि खरिद गरी लागत प्रभावकारिता र गुणस्तरीयता कायम गरिनेछ |
| समुदाय स्तरमा आयुर्वेद सेवाको पहुच वृद्धिमा समस्या | कार्ययोजना बनाई आन्तरिक र प्रदेश सरकारको समेत स्रोत परिचालन गरी नागरिकमा सेवाको स्तर र पहुच अभिबृद्धि गरिनेछ |
| आपतकालीन स्वास्थ्य विपद सम्बन्धी कार्यक्रम संचालनमा समस्या | भौगोलिक संवेदनशिलाताको आधारमा न्युनतम स्वास्थ्य विपद व्यस्थापन गर्ने कर्यक्रम संचालन गरिनेछ |

8/14/2025 34

# कार्यक्रमका तस्वीरहरु










"मेरो स्वास्थ्य, मेरो जिम्मेवारी"
नसर्ने रोग पहिचानका लागि अभियान कार्यक्रम
सहयोगी संस्था :
आयोजक
BLOCK 'B'